नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# उद्योग विभाग

## म्याद थप तथा नविकरण सम्बन्धी सूचना

नेपालभर मिति २०७६।१२।११ गते देखि लागू भएको बन्दाबन्दी (Lockdown) नेपाल सरकार (म.प.) को मिति २०७७।०४।०५ गतेको निर्णयानुसार मिति २०७७।०४।०६ गते मंगलबार (तदअनुसार २०२० जुलाई २१) मध्यरातिपछि अन्त गर्ने र लामो वा छोटो दुरीका निजि तथा सार्वजनिक यात्रुवाहक सवारी साधन एक जिल्लाबाट अर्को जिल्लामा र आन्तरिक तथा अन्तराष्ट्रिय हवाई उडान २०७७ भदौ १ गते देखि संचालन हुने भनी निर्णय भएको सन्दर्भमा सम्मानित सर्वोच्च अदालतको वृहत पूर्ण इजलासबाट मिति २०७७।२।१५ को आदेश समेतका आधारमा उद्योग विभागबाट मिति २०७७।०४।१३ मा देहाय बमोजिमको निर्णय भएकाले सम्बन्धित सबै सरोकारवाला व्यक्ति वा निकायको जानकारीका यो सूचना प्रकाशित गरिएको छ ।

१. पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ बमोजिम पेटेण्ट, डिजायन र ट्रेडमार्क दर्ता नविकरण, ग्राहयता मिति सहुलियत प्रदान गर्ने विषय बन्दाबन्दी (Lockdown) अवधिमा परी म्याद समाप्त भएको भएमा बन्दावन्दी (Lockdown) खुलेको मितिले बाटाका म्याद बाहेक ३० दिनसम्म त्यस्तो नविकरण गर्न निवेदन दिने म्याद र ग्राहयता मितिको अवधि कायम रहनेछ ।

२. औद्योगिक व्यवसाय ऐन,२०७६ को दफा ९ र दफा ६० बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने म्याद थपका लागि निवेदन दिने समय बन्दाबन्दी (Lockdown) अवधिमा परेको भएमा बन्दावन्दी (Lockdown) खुलेको मितिले बाटाका म्याद बाहेक ३० दिनसम्म त्यस्तो उद्योगको सञ्चालन म्याद थपका लागि निवेदन दिन म्याद कायम रहनेछ ।

३. उक्त बुदा न. १ र २ सम्बन्धमा काठमाण्डौं उपत्यका भित्र मिति २०७७।०४।०८ गते देखि र काठमाण्डौं उपत्यकाभन्दा बाहिरका जिल्ला वा अन्य मुलुकका व्यक्ति, फर्म, कम्पनी तथा उद्योगका हकमा मिति २०७७।०५।०१ गते देखि लकडाउन खुलेको मानिनेछ ।

४. बन्दाबन्दी खुलेको मितिले ३० (तिस) दिनभन्दा पछिसम्म कुनै सेवा ग्राहीको म्याद कायम रहने अवस्था रहेछ भने निजको हकमा प्रचिलत काननू बमोजिमको बाकीं (अथार्त खुलेको मितिले ३० (तिस) दिनभन्दा पछिसम्मको) म्याद वा थप गरिएको ३० (तिस) दिनको म्याद जुन धेरै दिन कायम रहन्छ सोही अवधि कायम हुनेछ ।

५. बन्दाबन्दीको अवस्था प्रारम्भ हुनुभन्दा अगाडि (मिति २०७६/१२/०९ गतेभन्दा अघि) गुजारेको म्याद बन्दाबन्दी शुरू हुनुभन्दा अघि नै कानून बमोजिम थाम्न थमाउन पाउने अवस्था नरहेको भएमा यो आदेश बमोजिमको सुविधा प्रदान गरिने छैन ।

६. बन्दाबन्दी (Lockdown) अवधिका कारण नियमित रूपमा लाग्ने भन्दा थप विलम्ब शुल्क, जरीवाना लाग्ने छैन । जस्तै लकडाउन खुलेको ३० दिनसम्म २०७६ चैत्र ९ गतेसम्म लाग्ने शुल्क, विलम्ब शुल्क, जरीवाना नै कायम रहने छ ।

३.५ (कानून)